# भिमाद नगरपालिका

**BHIMAD MUNICIPALITY**

## नगर कार्यपालिकाको कार्यालय

**Office of the Municipal Executive**

भिमाद, तनहुँ

**Bhimad, Tanahun**

२०७३/2073

गण्डकी प्रदेश, नेपाल

**Gandaki Province, Nepal**


प.सं. / Ref No.: ०८०/०८१

च.नं. / Des No.:

मितिः २०८१/०१/१६

**सहकारी संस्थाका ऋणी सदस्यहरुलाई ऋण चुक्ता गर्ने बारे सूचना**

पछिल्लो समय, सहकारी संस्थाहरुमा आएका विविध समस्याहरुले सहकारीहरुको व्यवस्थापनमा असहज परिस्थिति सिर्जना भएको कुरा सर्वविदितै छ। सहकारी संस्थाबाट सदस्यहरुको बचत रकम नै ऋणीहरुलाई कर्जाको रुपमा प्रवाह हुने गर्दछ। ऋणी सदस्यहरुले लिएको ऋण रकमको समयमा सावाँ तथा ब्याज भुक्तान गर्नुपर्नेमा केही ऋणीहरुले विभिन्न बहानाबाजी गर्ने, केही पक्षले सहकारी संस्थाको ऋण तिर्नु नपर्ने जस्ता भ्रामक र गैरजिम्मेवारी पूर्ण अभिव्यक्तिको आधारमा ऋण चुक्ता नगरेको गुनासो विभिन्न सहकारी संस्थाहरुबाट आइरहेका छन्।

केही सहकारी संस्थाहरुमा तरलताको समस्याले सदस्यहरुको बचत फिर्ता गर्न नसकेको अवस्था पाइएको छ। ऋणी सदस्यहरुले समयमा नै ऋण भुक्तानी नगरेमा संघीय सहकारी ऐन, २०७४ को दफा ८३ र ८४, गण्डकी प्रदेश सहकारी ऐन, २०७५ को दफा ६५ र ६६ एवम भिमाद नगरपालिका सहकारी ऐन, २०७५ को दफा ५८ मा ऋणी सदस्यहरुको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्न संस्था स्वयंले सम्बन्धित निकायमा लेखी पठाउन सकिने व्यवस्था गरेको छ।

तसर्थ, प्रचलित सहकारी ऐन, नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा प्रचलित कानुनको बर्खिलाप नहुने गरी जुन सम्झौता वा शर्त बमोजिम ऋण लिएको हो, सोही बमोजिम ऋणको सावाँ र ब्याज सम्बन्धित सहकारी संस्थामा समयमा नै भुक्तानी गरी समस्या समाधानमा सहयोग गरिदिनुहुन सम्पूर्ण ऋणी सदस्यहरुमा अनुरोध छ। अन्यथा कानून बमोजिम ऋण असुली प्रक्रिया अगाडी बढाइने व्यहोरा समेत जानकारी गराइन्छ।

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत


फोन नं: ०६५-५७२४३६, Phone Number: 065-572436

ठेगाना/ **Address: X3HJ+3P Bhimad**

ईमेल / Email : **info@bhimadmun.gov.np, bhimadmunicipality@gmail.com**

वेबसाईट / Website : **bhimadmun.gov.np**